# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र


भाग-२ खण्ड: ६ संख्या :७

**पारित भएको मिति: २०८१/१२/०६**

**प्रकाशन मितिः २०८१/१२/०७**


# सामाजिक सेवा एकाइ (स्थापना तथा संचालन) कार्यविधि २०८१


आरुघाट गाउँपालिका, गोरखा

## प्रस्तावना

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन भन्ने मान्यतानुसार समाजमा सामाजिक वा आर्थिक दृष्टिले पिछडिएका शिक्षा,स्वास्थ्य र रोजगारीको मूलधारबाट पछाडी परेकाहरुको लागि आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुर्याउदै विशेष सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा सहज,सरल,र निःशुल्क प्रदान गर्न वान्छानीय भएकोले जनस्वास्थ्य सेवा ऐन,२०७५ को दफा ६४ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारको प्रयोग गरि आरुघाट गाउँपालिका कार्यपालिकाको मिति २०८१/१२/०६ को निर्णयले **"सामाजिक सेवा एकाइ (स्थापना तथा संचालन) कार्यविधि २०८१"** स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम आरुघाट गाउँपालिकाको "सामाजिक सेवा एकाइ (स्थापना तथा संचालन) कार्यविधि २०८१" रहेको छ ।

(ख) यो कार्यविधि गाउँपालिकाको कार्यपालिकावाट पारित भएको मिति देखि लागु हुने छ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

(क) **"अस्पताल"** भन्नाले आरुघाट गाउँपालिकाले संचालन गरेको आधारभुत अस्पताललाई सम्झनुपर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले अस्पताल संचालक तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ग) **"प्रमुख "** भन्नाले आरुघाट गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ ।

(घ) **"अस्पताल प्रमुख "** भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सवैभन्दा जेष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारी लाई सम्झनुपर्छ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले आरुघाट गाउँपालिका उपाध्यक्ष लाई सम्झनपुर्छ ।

(च) **"ऐन"** भन्नाले आरुघाट गाउँपालिकाको "स्थानीय स्वास्थ्य सेवा ऐन, २०७६" लाई सम्झनुपर्छ ।

(छ) **"कार्यपालिका"** भन्नाले आरुघाट गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ज) **"कार्यविधि"** भन्नाले "सामाजिक सेवा एकाइ (स्थापना तथा संचालन) कार्यविधि २०८१" सम्झनुपर्छ ।

(झ) **"लक्षित समूहका विरामी "** भन्नाले सामाजिक सेवा एकाइ स्थापना तथा संचालन कार्यविधिले तोकेका अति गरिव,असहाय,अपाङ्गता भएका(परिचयपत्रबाहक) व्यक्ति,ज्येष्ठ नागरिक(परिचयपत्रबाहक),लैङ्गिक हिंसापीडित,विपद् एवं प्राकृतिक प्रकोप (महामारी,भूकम्प ,बाढी,पहिरो,आगलागी,आदि )बाट पीडित,गरिब तथा विपन्न आकस्मिक विरामी,सीमान्तकृत तथा लोपोन्मुख आदिबासी,जनजाति आदिलाई सम्झनुपर्छ ।

(ञ) **"सहजकर्ता "** भन्नाले सामाजिक सेवा एकाइको कार्यमा सहजीकरण,सेवा प्रवर्द्धन र अभिलेख कार्यमा सहयोग पुर्याइ बिरामीप्रति जवाफदेही हुन सेवा करारका व्यक्तिलाई सम्झनुपर्छ ।

(ट) **" साझेदार संस्था "** भन्नाले सामाजिक सेवा एकाइले गर्ने कार्यमा सहयोग पुर्याउने,प्रचलित कानुन बमोजिम दर्ता भएका स्थानीय सामाजिक एवं गैर सरकारी संस्थालाई सम्झनुपर्छ ।

(ठ) **"सामाजिक सेवा एकाइ "** भन्नाले लक्षित समूहका बिरामीहरुलाई स्वास्थ्य सेवामा समतामूलक पहुँच एवं उपयोग अभिवृद्धि गर्ने निःशुल्क तथा आंशिक छुटमा नियमित तथा विशेषज्ञ सेवाहरु उपलब्ध गराउने ,स्वास्थ्य वीमा ,विपन्न नागरिक उपचार कोष ,जेरियाट्रीक,नवजात शिशु स्वास्थ्य ,मानसिक स्वास्थ्य,गरिब तथा विपन्न वर्गका लागि निःशुल्क आकस्मिक सेवा लगायत सबै स्वास्थ्य सुरक्षा कार्यक्रमहरुको संयोजक एवं सहजीकरण गर्ने उद्देश्यले स्थानीय आरुघाट आधारभूत अस्पतालमा स्थापित एकाइ लाई सम्झनुपर्छ ।

(ड) **"सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति "** भन्नाले आरुघाट गाउँपालिका सँग सम्बन्धित शाखा ,विकास साझेदार संस्थाहरुबाट उपलब्ध स्वास्थ्य सुरक्षाका कार्यक्रमहरुलाई सामाजिक सेवा एकाइ मार्फत् तोकिएका लक्षित समूहका बिरामीहरुलाई निःशुल्क वा आंशिक छुटमा स्वास्थ्य सेवा उपलब्ध गराउन सामाजिक सेवा एकाइलाई आवस्यक मार्गदर्शन गरी सुदृढ एबं त्रियाशील बनाउन मद्दत गर्ने उद्देश्यले यस कार्यविधिको दफा ४ अनुसार गठन हुने समिति सम्झनुपर्छ ।

(ढ) **"स्थानीय तह "** भन्नाले आरुघाट गाउँपालिका लाई सम्झुनुपर्छ ।

(ण) **"शाखा"** भन्नाले कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

**३. उद्देश्यः** आरुघाट गाउँपालिका मा दर्ता भई तोकिएका सरकारी ,निजी,सामुदायिक तथा शिक्षण अस्पतालहरुमा उपलब्ध आधारभूत तथा विशेषज्ञ सेवा लक्षित समूहका बिरामीहरुलाई सामाजिक सेवा एकाइ मार्फत् निःशुल्क वा आंशिक छुटमा उपलब्ध गराउने कार्यमा आवस्यक सहजीकरण गर्नु रहेको छ ।विशेषगरी,सामाजिक सेवा एकाइ उद्देश्यहरु देहायबमोजिम रहेका छन्ः-

(क) लक्षित समूहका बिरामीहरुको स्वास्थ्य सेवामा समतामूलक पहुँच एवं उपयोग वृद्धि गर्ने ,

(ख) लक्षित समूहसम्म निःशुल्क तथा आंशिक छुटमा विशेषज्ञ सेवाहरु उपलब्ध गराउने,

(ग) स्वास्थ्य वीमा,विपन्न नागरिक उपचार कोष,ज्येष्ठ नागरिक(जेरियाट्रीक) स्वास्थ्य सेवा नवजात शिशु स्वास्थ्य ,मानसिक स्वास्थ्य ,गरिब तथा बिपन्न बर्गका लागि निःशुल्क आकस्मिक सेवालगायत सबै सामाजिक सुरक्षा कार्यक्रमहरुको संयोजक एवं सहजीकरण गर्ने र

(घ) व्यवस्थित,पारदर्शी र प्रभावकारी रुपले लक्षित समूहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्ने ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

**४. सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिको गठनः**

(१) अस्पतालमा सामाजिक सेवा इकाई संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक समिति हुनेछ ।

(क) गाउँपालिका प्रमुख -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष —सदस्य

(ग) आकष्मिक सेवा विभाग प्रमुख -सदस्य

(घ) मेडिकल बिभाग (अस्पताल प्रमुख) -सदस्य

(ङ) नर्सिङ प्रमुख -सदस्य

(च) प्रशासन शाखा/लेखा शाखा दुई जना - सदस्य

(छ)गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ज) ओं.सी.एम.सी सम्पर्क व्यक्ति - सदस्य

(झ) स्वास्थ्य वीमा सम्पर्क व्यक्ति -सदस्य

(ञ) सामाजिक सेवा इकाई प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ तथा उपचारमा संग्लन चिकित्सक तथा विभागीय प्रमुखलाई आवस्यकतानुसार बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**५. पदावधि :**

समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ ।तर, पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतःसमाप्त हुनेछ ।

**६. पदावधि रिक्त हुने : निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ;**

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपुस्थित भएमा ।

(घ) फौजदारी अभियोग प्रमाणित भएमा ।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणीत भएमा ।

**७. काम, कर्तव्य र अधिकारःसमितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ ।**

(क) सेवा व्यवस्थापनमा सहजता ल्याउन एवं दोहोरोपन हटाउन सामाजिक स्वास्थ्य वीमा,विपन्न नागरिक उपचार कोष,गरिब तथा विपन्न वर्गका लागि निःशुल्क आकस्मिक सेवा,नवजात शिशु स्वास्थ्य ,मानसिक स्वास्थ्य सेवा ,ज्येष्ठ नागरिक (जेरियाट्रीक) स्वास्थ्य सेवालगायत अन्य सबै सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई एक द्वार राबाट संयोजन तथा सहजीकरण गर्ने जिम्मेवारी सामाजिक सेवा एकाइ प्रमुखलाई लिखित रुपमा प्रदान गर्ने,

(ख) सबै सामाजिक सुरक्षा कार्यक्रमका लागि संघ,प्रदेश तथा स्थानीय तहबाट प्राप्त अनुदान रकम तथा आन्तरिक श्रोत बाट आवश्यक रकम समेत एउटै डालोमा राखी,बर्षभरिका सेवा व्यवस्थापन गर्ने,

(ग) ज्येष्ठ नागरिक (जेरीयाट्रीक) स्वास्थ्य सेवा संचालन भएको अवस्थामा अस्पताल व्यबस्थापनले सो कार्यक्रम तथा सामाजिक सेवा एकाइ संचालनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/प्रदेश मन्त्रालय तथा आन्तरिक निकाय बाट प्राप्त अनुदान रकमलाई एउटै डालोमा राखेर लक्षित समूहका विरामीहरुको उपचार खर्च व्यबस्थापन गर्ने,

(घ) सामाजिक सेवा एकाइका लागि आवस्यक पर्ने कर्मचारी व्यबस्था मौजूदा स्थायी/करार कर्मचारीबाटै गर्नुपर्नेछ । सामाजिक सेवा एकाइका लागि आबस्यक पर्ने सहजकर्ताहरुको व्यबस्थापनका लागि आरुघाट गाउँपालिका भित्र सामजिक तथा गैरसरकारी संस्थाहरु मध्येबाट साझेदार संस्था छनौट गरी सेवा करार गर्नुपर्ने छ,

(ङ) अस्पतालबाट प्रदान गरिने सेवाहरुलाई आधार मानी लक्षित समूहका बिरामीलाई निःशुल्क स्वास्थ्य सेवामा तोकिएका औषधि बाहेक अन्य थप आवस्यक पर्ने औषधिहरुको सूची स्वास्थ्य वीमा बाट निर्धारण गरेकाहरु लाई अस्पताल व्यबस्थापनबाट स्वीकृत गराई कार्यान्वयन ल्याउने ,

(च) लक्षित समूहका बिरामीहरुलाई छिटोछरितो रुपमा उपचार सुविधा उपलब्ध गराउनका लागि सम्बन्धित अस्पताल अन्तर्गतका विभागहरु बीच समन्व्य कायम गर्न आवस्यक प्रक्रिया मिलाउने ,

(छ) लक्षित समूहका बिरामीहरुका लागि निःशुल्क वा आंशिक छुट दिनुपर्ने सेवालाई नियमित र प्रभावकारी बनाउन नेपाल सरकारका अन्य नीति निर्देशनबमोजिम आवस्यक व्यवस्था मिलाउने ,

(ज) लक्षित समूहका बिरामीलाई निशुल्क स्वास्थ्य सेवा वा अन्य आवस्यक सेवा उपलब्ध गराउनका लागि आवस्यकताका आधारमा स्थानीय तह,प्रदेश स्वास्थ्य मन्त्रालय,जनप्रतिनिधि/ कर्मचारी र सरोकारवाला संस्था/व्यक्तिसँग समन्व्य गरी श्रोत व्यवस्था गर्ने,

(झ) सामाजिक सेवा एकाइ प्रमुखलाई प्रत्यायोजन गरिएको सीमाभन्दा बढी लक्षित समूहका बिरामीलाई उपचारमा छुट दिनुपर्ने भएमा औचित्यका आधारमा अस्पताल प्रमुखले निर्णय गर्ने,

(ञ) सेवा करारमा रहेका साझेदार संस्थाहरुसँग समन्व्य एवं सहकार्य गर्ने,

(ट) लक्षित समूहले स्वास्थ्य सेवामा पाउने सहुलियत र प्रक्रियाहरूबारे प्रचारप्रसार अनिवार्य गर्नुपर्ने तथा सामाजिक सेवा एकाइबाट उपलब्ध हुने सेवा एवं सोको प्रक्रियाबारे अस्पतालको वडापत्रमा नै उख्लेख गर्नुपर्ने,

(ठ) सामाजिक सेवा एकाइले गरेका कामको अनुगमन तथा मुल्यांकन गर्ने ,

(ड) बेवारिसे,असाहाय ,सहाराबिहिन,अशक्त एबम् अपाङ्गता भएका बिरामीहरुको लागि आवस्यक कुरुवाको व्यवस्था गर्ने,

(ढ) समितिले लक्षित समूहका बिरामीहरुलाई एकाइमार्फत दिईने सेवामा निशुल्क वा छुट दिने सन्दर्भमा आधारभूत अस्पतालको हकमा बहिरङ्ग र इमर्जेन्सीमा बढीमा रु ४०००।—अन्तरङ्गका बिरामीहरुलाई बढीमा ७,०००/- सम्मको औषधि र अन्य उपचार सेवमा छुट सुविधा उपलब्ध गराउन एकाइ प्रमुखलाई जिम्मेवारी दिने ।

(ण) यस कार्यविधि मा उख्लेख गरिएका प्रावधान एवं शर्तहरुले “ सामाजिक सेवा एकाइ स्थापना तथा संचालन निर्देशिका,२०७९” बमोजिम अन्य विषयहरुमा सोहि निर्देशिका बमोजिम परिपालना गर्नुपर्नेछ ।

**८. समितिको बैठक र सन्चालन विधिः**

(१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा चार महिनाको एक पटक समितिको बैठक बोलाउन पर्नेछ । तर, आवश्यकता अनुसार अन्य अबस्थामा पनि बैठक बस्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन । तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैन ।

(४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनपुस्थितिमा उपाध्यक्षको अध्यक्षतामा वैठक संचालन हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## परिच्छेद-३

## लक्षित समूह पहिचान तथा सहुलियत स्वास्थ्य सेवा

९.**लक्षित समूह** : सामाजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समूह देहाय बमोजिम रहेका छन् :

(क) गरिब ,

(ख) असहाय,

(ग) अपाङ्गता भएका व्यक्ति (परिचयपत्रबाहक)

(घ) जेष्ठ नागरिक (परिचयपत्रबाहक )

(ङ) लैङ्गिक हिंसा पीडित ( बालबालिकासमेत )

(च) गरिब तथा बिपन्न आकस्मिक बिरामी,

(छ) विपद् एवं प्राकृतिक प्रकोप (महामारी ,भूकम्प ,बाढी,पहिरो आगलागी आदि ) बाट पिढित,

(ज) सीमान्तकृत तथा लोपोन्मुख आदिबासी,जनजाति ,

(झ) महिला स्वास्थ्य स्वयंसेविका(परिचयपत्रबाहक)

(ञ) कुपोषित बालबालिका ,

(ट) प्रहरीले ल्याएका थुनुवा बिरामी ,

(ठ) शहीद परिवार (परिचयपत्रबाहक)

(ड) दुर्घटनामा परेको बिरामी ( अभिभावक नभएको )

(ढ) स्थानीय/वडा बाट सिफारिस भई आएका लक्षित समूह भए उख्लेख गर्ने

**द्रष्टव्य** : लैङ्गिक हिंसा पीडितको हकमा यदी अस्पतालभित्र एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना तथा संचालनमा रहेको खण्डमा सामाजिक सेवा एकाइको लक्षित वर्गमा नसमेटिने । तर एकद्वार संकट व्यवस्थापन केन्द्र उक्त अस्पतालमा संचालन नरहेको खण्डमा सामाजिक सेवा एकाईको लक्षित वर्ग मानिनेछ । उख्लेखित लक्षित समूहका बिरामीहरुलाई आर्थिक अवस्थाको मुल्यांकन एवं परिचयपत्रका आधारमा अस्पतालमा उपलब्ध सेवाहरु छुट प्रदान गर्नुपर्नेछ । तर लैङ्गिक हिंसा पीडित व्यक्तिका हकमा भने सम्बन्धित अस्पतालमा उपलब्ध हुने सबै स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा पाउने व्यवस्था मिलाउनु पर्नेछ । लक्षित समूह पहिचान गर्ने आधार र उनीहरुले पाउने सहुलियतका बारेमा "सामाजिक सेवा एकाइ स्थापना तथा संचालन निर्देशिका,२०७९ मा उख्लेख गरिएको छ ।

**१०. कोष तथा खाता संचालन :**

(१) सामाजिक सेवा एकाइ समिति र अस्पतालको आयव्यय दुरूस्त राख्न समितिले निर्णय गरी तोकीएका २ जना पदाधिकारी वा कर्मचारीको संयुक्त दस्तखत बाट खाता सञ्चालन हुनेछ ।

(२) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ। साथै सो खाता प्रचलित कानून वमोजिम संचालन हुनेछ ।

(४) सामाजिक सेवा एकाइ को आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) सामाजिक सेवा एकाइ को आम्दानी र खर्चको अभिलेख,आम्दानी र खर्च सम्बन्धी कार्यविधि,लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन,आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त,बेरुजु अभिलेख,बेरुजु फछ्र्योट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्वन्धि कानून बमोजिम हुनेछ ।

(६) सामाजिक सेवा एकाइ लाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

११.**<u>लक्षित समूहका बिरामी छनौट प्रक्रियाः</u>** लक्षित समूहका बिरामी पहिचान एवंम् छनौट गर्दा निष्पक्ष ढङ्गले गर्नुपर्दछ । सो कार्यका लागि देहायबमोजिमको व्यवस्था गर्नुपर्ने छ । :-

(१) अस्पतालमा सामाजिक सेवा एकाइको सहायता कक्ष स्थापना गरी लक्षित समूहलाई दिइने सहुलियत एवंम् सेवा बारे जानकारी गराउनुपर्नेछ ।

(२) आकस्मिक,बहिरङ्ग तथा अन्तरङ्ग कक्षमा उपचारमा संग्लन स्वास्थ्यकर्मीहरुलाई उपचारको सिलसिलामा बिरामी लक्षित समूहभित्र परेमा वा लक्षित समूहको परिचयपत्र लिई आएको भएमा वा अन्य अस्पतालबाट लक्षित समूहको बिरामीका रुपमा प्रेषण भई आएको भएमा बिरामी वा निजका अभिभावकलाई सिफारिस सहित सामाजिक सेवा एकाइमा सम्पर्क गर्न पठाउनुपर्ने छ ।

(३) सेवाग्रागी संरक्षकविहिन अशक्त अवस्थाको भएमा उपचारमा संग्लन स्वास्थ्यकर्मिहरुले एकाइका कर्मचारीलाई उपचार कक्षमै बोलाई प्रक्रिया अगाडि बढाउन लगाउनुपर्ने छ ।

(४) लक्षित समूहहरु मध्ये अपाङ्गता भएका व्यक्ति,ज्येष्ठ नागरिक र महिला स्वास्थ्य स्वयं सेविकाहरु अन्तरङ्गमा उपचारमा आउँदा परिचयपत्र नल्याएको अवस्थामा निःशुल्क सहुलियत सेवा माग गरेमा निजहरुले अस्पतालको उपचार अवधिमा परिचयपत्र ल्याएको खण्डमा सो बापतको सुबिधा पाउनेछन् । तर,उपचार गर्दा निजहरुले खर्च गरिसकेको भएमा सो रकम सोधभर्ना गर्न मिल्ने छैन ।

(५) लक्षित समूह पहिचान गर्न सामाजिक सेवा एकाइका कर्मचारीहरुले सामाजिक सेवा एकाइ (स्थापना तथा संचालन) निर्देशिका ,२०७९ ले निदिष्ट गरेका (अनुसूचीहरु परिपालना गरी) अनुसूची-३ अनुसारको फारम भर्न बिरामीलाई सहयोग गर्नुपर्नेछ र सोहि फारममा भरिएका विवरणका आधारमा लक्षित समूह पहिचान गरी निःशुल्क तथा आंशिक छुट सुबिधा निधार्रण गर्न सकिने छ ।

(६) लक्षित समूह पहिचान भइसकेपछि निजलाई सहुलियत रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि सामाजिक सेवा एकाइका कर्मचारीहरुले सामाजिक सेवा एकाइ (स्थापना तथा संचालन) निर्देशिका ,२०७९ ले निदिष्ट गरेका अनुसूची ४ अनुसारको फारम भर्नुपर्ने छ ।

**१२. प्रमुख त्रियाकलापः-**

**१२.१ एकाइक कर्मचारी तथा सहजकर्ता पाउने सुविधाः** सामाजिक सेवा एकाइमा सेवा करारमा कार्यरत सहजकर्तालाई दिईने पारश्रमिक सामाजिक सेवा एकाई संचालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ । सहजकर्तालाई दिईने पारश्रमिक लक्षित वर्गलाई प्रदान गरिने निःशुल्क तथा छुट सेवालाई प्रभाव नपर्ने गरी विनियोजित बजेटबाट न्यूनतम रकम मात्रै सुविधा प्रदान गर्नुपर्नेछ । यदि सहजकर्ताको छनौट साझेदार संस्थामार्फत गरिएको अवस्थामा उक्त संस्थाले तोकेको स्केल बमोजिमको पारश्रमिकबाट कर मात्र कट्टा गरी बाँकि पुरै रकम सहजकर्तालाई उपलब्ध गराउनुपर्नेछ । साझेदार संस्थालाई ओभरहेड सहजकर्ता बापत कुलखर्चको ५% रकम उपलब्ध गराउनु पर्नेछ । परामर्श सेवा खरिद गर्दा प्रचलित कानून बमोजिम गरिनुपर्नेछ ।

**१२.२ अतिरिक्त सुविधा** : सामाजिक सेवा एकाएका प्रमुख लाई सार्वजनिक विदाका दिन पनि आवश्यकताका आधारमा सेवा प्रवाहका लागि खटिनुपर्ने भएमा एक दिनको रु ५००।- (पाँच सय) मा नबढ्ने गरी अतिरिक्त सुविधा पाउन सक्नेछन् । आवश्यकताक आधारमा भनान्ने सामाजिक सेवा एकाइमा आउने विरामीहरुको चाप र प्रकृतिलाई बुझिन्छ ।

**१२.३ स्थापना तथा उपकरण खर्च** : सामाजिक सेवा एकाइ स्थापनाका लागि आवस्यक पर्ने कम्पुटर,प्रिन्टर,फर्निचरलाई बुझिन्छ ।

**१२.४ कार्यालय सामान** : स्टेसनरी,फारम छपाई ,अभिलेख लागि रजिष्टर छपाई ,सहजकर्तालाई ड्रेस ,आदि

**१२.५ प्रचार-प्रसार** : सामाजिक सेवा एकाइ संचालन सम्बन्धी जानकारीमूलक सामग्री,उत्पादन र प्रचारप्रसार ।

**१२.६ क्षमता विकास** :सामाजिक सेवा एकाइ संचालन सम्बन्धी अभिमुखीकरण,एकाइमा कार्यरत कर्मचारीहरुको क्षमता विकास तालिम,अनलाईन रेकडीङ्ग तथा रिपोट्रीङ्ग व्यवस्थापन ,अवलोकन भ्रमणलाई सम्बोधन हुनेगरी प्रचलित

कानुनको प्रावधानभित्र रही व्यवस्थापन गरिनुपर्नेछ । अवलोकन भ्रमण असल अब्यास तथा समस्या समाधानको प्रयोजनले गरिनेछ ।

**१२.७ सामाजिक सेवा एकाइबाट सेवा लिने व्यक्तिहरुको नामावली** :- सामाजिक सेवा एकाइले अनुसूची -६ बमोजिम sप्रत्येक दिन अथार्त २४ घन्टामा सेवा दिएका बिरामीहरुको नाम र सेवाको प्रकार खुल्ने गरी निःशुल्क वा छुट सुविधा सहितको प्रगति डिजिटल डिस्प्ले वा अस्पतालको दैनिकी विवरण ,सुचना पाटीमा टास्नु पर्नेछ ।

**१२.८ कार्यक्रमको समिक्षा तथा बैठक** : सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति र सामाजिक सेवा एकाइको नियमित बैठक तथा समिक्षा गरिनुपर्नेछ ।

**१२.९ लक्षित वर्गका लागि औषधि,खाना,यातायात,कुरुवा खर्च** : लक्षित वर्गका बिरामीका लागि औषधि एवं रेफरल यातातात खर्च र अतिगरिब बिरामीको खाना तथा बेवारिस ,असाहय ,साहाराबिहिन ,असक्त एवंम् अपाङ्गता भएका बिरामीहरुको लागि कुरुवा खर्च समेत (आवस्यकता,औचित्यका आधारमा ) व्यवस्थापन गरिनुपर्नेछ ।

**१३. प्रगति समीक्षा तथा प्रतिवेदन :**

सामाजिक सेवा एकाइबाट निःशुल्क वा आंशिक छुटमा सेवा लिएका बिरामीहरुको अभिलेख "सामाजिक सेवा एकाइ स्थापना तथा संचालन निर्देशिका,२०७९ " को अनुसूची ७ दिईएको ढाँचामा अध्यावधिक गरी प्रत्येक दिन अनलाईन प्रणाली मार्फत अभिलेख गर्नुपर्नेछ । सामाजिक सेवा एकाइको जिम्मेवारी प्राप्त व्यक्तिले आफनो इमेल आइ.डी र युजर आइ.डी गोप्य रुपमा व्यवस्थित गर्नुपर्नेछ । यदि जिम्मेवारी फेरबदल वा जिम्मेवारीबाट अलग हुनुपरेमा आफूले जिम्मा लिएको र आफूले सिकेको ज्ञान रेकडीङ्ग तथा रिपोटिङ्ग सीप अन्य जिम्मेवारी प्राप्त व्यक्तिलाई हस्तातरण गर्नुपर्नेछ ।

**१४. कार्यक्रम संचालन खर्च :**

सामाजिक सेवा एकाइ संचालनका लागि सरकारी तथा सामुदायिक अस्पतालहरुमा विनियोजित बजेटलाई नेपाल सरकारको कार्य संचालन निर्देशिका अनुसार विस्तृत विबरण तयार गरी अस्पताल व्यवस्थापन समितिको बैठकबाट बाडफाड स्वीकृत गराउनु पर्दछ । यदि कुनै शीषर्क अन्तर्गतको रकम खर्च हुननसकेमा दोर्शो चौमासिक भित्र अस्पताल व्यवस्थापनको निर्णयानुसार उख्लेखित शीषर्कहरुमध्येबाट लक्षित वर्गका लागि औषधि ,रेफरल खर्च ,क्षमता विकास तथा प्रचारप्रसार शीषर्कमा रकमान्तर गरी खर्च गर्न सकिनेछ । चालु आ.व अन्त्यमा एकाइको आम्दानि र खर्चको विवरण एकाइ व्यवस्थापन समितिबाट अनुमोदन गराई स्थानीय संचारमान्ध्यबाट सार्वजनिक गर्नुपर्नेछ । सबै स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेको समूहलाई सामाजिक सेवा एकाइ वा यस्तै प्रकारको कुनै विशेष व्यवस्था गरी लक्षित समूहका बिरामीहरुलाई निःशुल्क वा केहि सहुलियतपूर्ण सुबिधा मार्फत अस्पतालहरुले सामाजिक दायित्वको रुपमा भूमिका निर्वाह गर्नुपर्नेछ ।

**१५. लैगिक हिसा पीडित /प्रभावित सम्बन्धमा :**

सामाजिक सेवा एकाइको लक्षित वर्ग अन्तर्गतको लैङ्गिक हिसाबाट पीढित प्रभावितहरुको स्वास्थ्य सेवा सम्बन्धमा अस्पतालभित्रै एकद्दार संकट व्यवस्थापन केन्द्र संचालन भए सोहिबाट सम्पूर्ण स्वास्थ्ययोपचार निःशुल्क र सरल रुपमा सेवा प्रवाहका लागि सहयोग र समन्व्य गर्ने ,तर अस्पतालमा एकद्दार संकट व्यवस्थापन केन्द्र स्थापना नभएमा सामाजिक सेवा एकाइबाटै स्वास्थ्ययोपचार सेवा निःशुल्क प्रदान गर्ने साथै नजिकको एकद्दार संकट व्यवस्थापन केन्द्र संचालन अस्पतालमा स्वास्थ्य चेकजाँच रिफरल फाईल सहित यातायात खर्च व्यवस्थापन गरी प्रेषण गर्नुपर्नेछ ।

**१६. सामाजिक सेवा एकाइ स्थापना तथा संचालन निर्देशिका,२०७९ मा गरिएको व्यवस्था परिपालना गर्ने :**

सामाजिक सेवा एकाइ स्थापना तथा संचालन निर्देशिका,२०७९ ले तोकिएको व्यवस्था बाहेक अन्य व्यवस्था गर्नुपरेमा अस्पताल आफै जिम्मेवारी तथा जवाफदेही हुनुपर्नेछ ।

१७. निर्देशन पालना गर्नुपर्नेः कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१८.गाउँपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुनेः गाउँपालिकाको स्वीकृति विना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुदैन ।

१९.अधिकार प्रत्यायोजन गर्न सक्ने :समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. कार्यविधिको पालना गर्नुपर्ने : यस कार्यविधिको पालना गर्नु गाउँपालिकाभित्रको सरकारी अस्पतालको दायित्व हुनेछ ।

२१. व्याख्या गर्ने अधिकारः यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्नेछ ।

२२. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

२३. संशोधन गर्नुपरेमाः यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संशोधन गर्नु परेमा कार्यपालिकाबाट संशोधन हुनेछ ।

# अनुसूची-३
## लक्षित समूह पहिचान फाराम

१. बिरामीको व्यक्तिगत विवरण

क) नाम थर: ख) उमेर: ग) लिङ्ग: घ) वाबु/आमाको नाम:

ङ) बिरामीको ठेगाना:

अ) जिल्ला: आ) गाउँपालिका/नगरपालिका: इ) वाडं नं:

च) सम्पर्क टेलिफोन (भएमा): छ) HMIS जातिगत समूह:

२. बिरामीका बारेमा थप विवरण

क) अन्य स्वास्थ्य संस्था वा अस्पतालवाट प्रेषण भई आएको ..................हो होइन ?

ख) यस आ.व. भित्र निःशुल्क स्वास्थ्य सेवा प्रयोग गरिसकेको .......................छ/छैन ?

ग) विरामी कुन लक्षित समूहको सुविधा लिन चाहन्छन्, उपयुक्त कोठामा चिन्ह लगाउनुहोस् ।

i) गरीब ☐ ii) असहाय ☐ iii) अपाङ्गता भएका व्यक्ति ☐

iv) जेष्ठ नागरिक ☐ v) लैङ्गिक हिंसापीडित ☐ vi) महिला स्वास्थ्य स्वयंसेविका ☐

vii) विपद्/प्राकृतिक प्रकोप पीडित ................ viii) सीमान्तीकृत/लोपोन्मुख आदिवासी, जनजाति ☐

ix) गरीब/विपन्न आकस्मिक बिरामी ☐ x) शहिद परिवार ☐

xi) कुपोषित वालवालिका ☐ xii) अन्य (खुलाउने) ☐

घ) लक्षित समूह प्रमाणित गर्ने आधिकारिक परिचयपत्र वा सिफारिस पत्र ..................छ/छैन?

बिरामीले अतिगरीव/गरीबको रूपमा सहुलियत/नि:शुल्क सेवा लिन चाहेको हो भने तल दिइएको नं: ३ को (क देखि ग सम्मको) व्यहोरा पूरा गर्नुपर्छ ।

३. बिरामीको आर्थिक अवस्था (उपयुक्त कोठामा चिन्ह लगाउनुहोस्)

क) बिरामी र उसको परिवारको आम्दानीको स्रोत: ☐

i) नेपाल वा भारतमा कृषि तथा गैरकृषि अदक्ष ज्याला मजदुरी ☐

ii) नेपाल र भारतमा कृषि तथा गैर कृषि सीपमूलक ज्याला मजदुरी ☐

iii) कृषि ☐

iv) नेपाल वा भारतमा सरकारी तथा निजी संस्थामा नियमित नोकरी ☐

v) वन्द व्यापार वा व्यवसाय ☐

vi) मलेशिया वा अरब देशहरूमा वैदेशिक रोजगारी ☐

vii) अन्य (तोक्नुपर्ने) ☐

ख) बिरामीको आम्दानीका स्रोत, विरामी र उनको परिवारको लुगा, जुत्ता तथा गहना र शारीरिक अवस्था हेर्दा उनले दिएको उत्तर मेल नखाएमा आवश्यकताअनुसार थप प्रश्न गरी समग्रमा तपाईंलाई परेको छापका आधारमा बिरामी

अति गरीबमा पर्दछन्, ☐ गरीवमा पर्दछन् ☐ गरीव भित्र पर्दैनन् ☐

ग) मैले आफ्नो र सगोल परिवारको आम्दानीवाट उपचार गराउन असमर्थ भएकोले यस अस्पतालवाट उपलब्ध हुने नि:शुल्क उपचार वा आंशिक छुटको व्यवस्था गरी पाउँ । उपरोक्त व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरेमा कानूनवमोजिम सहुँला बुझाउँला ।

.......................................

बिरामीको वा अभिभावकको दस्तखत

| तयार गर्ने | सिफारिस गर्ने | स्विकृत गर्ने |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: |
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| मिति: | मिति: | मिति: |

## अनुसूची-४

# सेवाग्राहीलाई सहुलियत रूपमा सेवा दिँदा भर्नुपर्ने फाराम

अस्पतालको नाम:

दर्ता नं. :

मिति :

नाम थर :

ठेगाना :

उमेर : लिङ्ग :

छुट: पूर्ण/आंशिक :

लक्षित समूहको किसिम :

रोगको किसिम:

| क्र.स. | सेवा प्रदान मिति | सेवा विवरण | मूल्य रु. | जम्मा रकम | छुट रकम | सेवा प्रदान गर्नेको सही |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | जम्मा | | | | |

..........................

बिरामी/अविभावकको दस्तखत

नाम:

मिति:

स्वीकृत गर्ने:

नाम:

पद :

दस्तखत :

मिति :

# अनुसूची-५

## बजेट अनुमान

............... अस्पताल

आ.व............

| नि:शुल्क तथा छुटसेवाको विवरण | एकाइ | चालू आ.व.मा सेवाग्राही संख्या | आगामी वर्ष थप हुने अनुमानित सङ्ख्या | जम्मा (३+४) | प्रति एकाइ लागत खर्च | अनुमानित कुल बजेट (५x६) |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| जम्मा | | | | | | |

स्रोत :

अस्पताल विकास समितिको आफ्नै स्रोत रु ................................

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदान गर्ने रु............................

प्रदेश सामाजिक विकास मन्त्रालयले प्रदान गर्ने रु. ..........................................

स्थानीय तहले प्रदान गर्ने रु. ........................................

अन्य (स्रोत खुलाउने) रु............................................................

जम्मा ...............................................................................

पेश गर्ने:

नाम:

पद:

दस्तखत:

मिति:

स्वीकृत गर्ने :

नाम:

पद :

दस्तखत :

मिति :

## अनुसूची-६

## दैनिक सेवा रजिष्टर

सामाजिक सेवा एकाइमा आएका बिरामीको दैनिक पञ्जीका

.................... अस्पताल

आ व ...............

मिती .................

| क्रम संख्या | दर्ता नं | नाम | उमेर | लिङ्ग | नयाँ वा पुरानो | बिरामीको ठेगाना जिल्ला/ न.पा | लक्षित समूह | आधिकारिक परिचयपत्र अथवा सिफारिसपत्र छ वा छैन | HMIS जातीगत समूह | प्रेषण भइ आएको सिफारिस हो/होइन | विभाग: आकस्मिक, बहिरङ्ग, अन्तरङ्ग | छुट/ पुरा खर्च रु मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | औषधि | परीक्षण | अपरेसन | अन्य खर्च |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

## अनुसूची-७

## सामाजिक सेवा एकाइ प्रतिवेदन ढाँचा

आ.व........................................महिना...................... को मासिक-चौमासिक-वार्षिक प्रगति प्रतिवेदन

| सेवा पाएका बिरामीको संख्या (लक्षित समूह र अन्य विवरण) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गरिब | असहाय | अपाङ्गता भएका व्यक्ति | लैङ्गिक हिंसा पीडित | ज्येष्ठ नागरिक | गरिब/विपन्न आकस्मिक बिरामी | विपद्/प्राकृतिक प्रकोपपीडित | अन्य | आधिकारिक परिचयपत्र अथवा सिफारिसपत्रस हिनका बिरामी | दोहोरिएर आएका बिरामी | पुरुष | महिला | तेस्रोलिङ्गी | कुल सेवा पुऱ्याएको बिरामी संख्या |
| | | | | | | | | | | | | | |

| सेवा पुऱ्याएका बिरामीको संख्या (एच एम आइ एस वर्गीकरणअनुसार तथा अन्य विवरण) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दलित | जनजाति | मधेशी | मुस्लिम | बाहुन क्षेत्री | अन्य | प्रेषण भएर आएका बिरामी | अन्य जिल्लाबाट आएका बिरामी | गाउँबाट आएका बिरामी | आकस्मिक बिरामी | बहिरङ्ग बिरामी | भर्ना भएका बिरामी |
| | | | | | | | | | | | |

| स्वास्थ्य सेवाको खर्च र उपलब्ध गराइएको छुट रकम तथा अन्य विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औषधि | छुट रकम | परीक्षणको प्रकार | छुट रकम | अपरेसन | छुट रकम | अन्य खर्च (रगत, बेड, यातायात) | छुट रकम | कूल खर्च | कूल छुट रकम | प्रति बिरामी औषत खर्च | प्रति बिरामी औषत छुट रकम |
| | | | | | | | | | | | |

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत